# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५५) काठमाडौं असार ३० गते, २०६२ साल (अतिरिक्ताङ्क २३ (ख)


## भाग २

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### २०६२ सालको अध्यादेश नं. १०

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समाज कल्याण ऐन, २०४९ लाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावना: समाज कल्याण ऐन, २०४९ लाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल संसदको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस अध्यादेशको नाम "समाज कल्याण (पहिलो संशोधन) अध्यादेश, २०६२" रहेको छ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

२. समाज कल्याण ऐन, २०४९ को दफा ५ मा संशोधन: समाज कल्याण ऐन, २०४९ (यसपछि "मूल ऐन" भनिएको) को दफा ५ को,-

(१) उपदफा (२) को,-

(क) खण्ड (ठ) मा रहेको "स्वास्थ्य" भन्ने शब्द पछि "तथा जनसंख्या" भन्ने शब्दहरु थपिएकाछन्।

(ख) खण्ड (ड) मा रहेको "संस्कृति" भन्ने शब्दको सट्टा "खेलकूद" भन्ने शब्द राखिएको छ।

(२) उपदफा (३) मा रहेको "पदावधि" भन्ने शब्द पछि "बढीमा" भन्ने शब्द थपिएको छ।

(३) उपदफा (४) मा रहेका "परिषद्को कारण सहितको सिफारिशमा" भन्ने शब्दहरु झिकिएका छन्।

३. मूल ऐनको दफा ८ मा संशोधन: मूल ऐनको दफा ८ को उपदफा (५) मा रहेका "सदस्य-सचिवद्वारा" भन्ने शब्दको सट्टा "अध्यक्षद्वारा" भन्ने शब्द राखिएको छ।

४. मूल ऐनको दफा ९ मा संशोधन: मूल ऐनको दफा ९ को,-

(१) खण्ड (क) मा रहेका "सहयोग गर्ने," भन्ने शब्दहरु पछि "निर्देशन दिने," भन्ने शब्दहरु थपी सोही खण्डमा रहेका "तिनीहरुको कामको" भन्ने शब्दहरु पछि "रेखदेख," भन्ने शब्द थपिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ३०६

(२) खण्ड (ट) पछि देहायको खण्ड (ठ) थपिएको छ :-

"(ठ) सामाजिक संघ संस्थाको लागि आचार संहिता बनाई लागू गर्ने ।"

५. मूल ऐनको दफा १० मा संशोधन: मूल ऐनको दफा १० को उपदफा (१) मा रहेका "र सदस्य सचिव" भन्ने शब्दहरुको सट्टा " , सदस्य सचिव र अध्यक्षले तोकेका तीन जना सदस्य" भन्ने शब्दहरु राखिएका छन् ।

६. मूल ऐनको दफा २० मा संशोधन: मूल ऐनको दफा २० को उपदफा (१) मा रहेका "काम गरेमा" भन्ने शब्दहरु पछि "वा ऐनको दफा ९ को खण्ड (ठ) बमोजिम बनेको आचार संहिता पालना नगरेमा" भन्ने शब्दहरु थपिएका छन् ।

लालमोहर सदर मितिः २०६२।३।३०।५

आज्ञाले,
डा. कुलरत्न भुर्तेल
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्यः रू. ५।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

२०६

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।